# निर्वाचन आयोगको
# सूचना

"सम्वत २०७४ साल फागुन चैत्र ९ सम्पन्न हुने उपराष्ट्रपतिको निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम गर्नका लागि निर्वाचन आचार संहिता, २०७२ मिति २०७४।१२।०३ गते देखि लागू हुने व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिएको छ ।

**१. मिति २०७४।१२।०३ देखि देहाय बमोजिम व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेछ ।**

(क) नेपाल सरकार र नेपाल सरकारको मन्त्री,

(ख) प्रदेश सरकार र प्रदेश सरकारको मन्त्री,

(ग) स्थानीय तह,

(घ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कर्मचारी,

(ङ) सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,

(च) सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,

(छ) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीका कार्यालय तथा सुरक्षाकर्मी,

(ज) निर्वाचनको काममा संलग्न कर्मचारी,

(झ) राजनीतिक दल तथा राजनीतिक दलको भातृ संगठन,

(ञ) उम्मेदवार तथा सम्बन्धित व्यक्ति,

(ट) सार्वजनिक पद धारणा गरेको व्यक्ति,

(ठ) पर्यवेक्षक,

(ड) सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,

(ढ) निजी तथा गैरसरकारी संस्था,

(ण) नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी,